# वीरगंज महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
आदर्शनगर, वीरगंज, पर्सा,
मधेश प्रदेश, नेपाल


प.स./२०८२/०८३
च.नं :- १६६६

मिति:– २०८३/०२/१२

**छात्रवृत्ति परीक्षाको अनलाइन आवेदन फाराम भर्ने सम्बन्धी अत्यन्त जरूरी सूचना।**

प्रस्तुत विषयमा, वीरगंज महानगरपालिका अन्तर्गतका संस्थागत विद्यालय/शिक्षण संस्थामा शैक्षिक सत्र २०८३/०८४ मा कक्षा ९ र ११ मा छात्रवृत्तिमा अध्ययन गर्न चाहने विद्यार्थीको छात्रवृत्ति छनौटका लागि संचालन हुने परीक्षामा मिति २०८२ सालको नगर स्तरीय कक्षा ८ को परीक्षामा सहभागी भई ग्रेडेड भएको विद्यार्थीहरू तथा २०८२ सालको SEE परीक्षामा सहभागी भई ग्रेडेड भएका विद्यार्थीहरूले मिति २०८३ जेष्ठ १३ गते बिहान १०:०० बजेदेखि जेष्ठ २७ गते राति ११:५९ बजेसम्म वीरगंज महानगरपालिकाको वेबसाइट scholarship.birgunjmun.gov.np मार्फत अनलाइन आवेदन फाराम पेश (Online Application Form Submission) गर्न सूचना आव्हान गरिएको व्यहोरा सम्वन्धित सवैको जानकारीका लागि अनुरोध छ। साथै छात्रवृत्ति सम्बन्धी विस्तृत सूचना यसै पत्रसाथ संलग्न गरिएको छ।

आनन्द लामिछाने
प्रमुख
शैक्षिक प्रशासन महाशाखा

बोधार्थ :
श्रीमान् प्रमुख ज्यू, वीरगंज महानगरपालिका।
श्रीमान् उप-प्रमुख ज्यू, वीरगंज महानगरपालिका।
श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू, नगर कार्यपालिकाको कार्यालय, वीरगंज महानगरपालिका।
श्री सूचना शाखा, वीरगंज महानगरपालिका : सूचना वेवसाइटमा अपलोड गरी दिनुहुन।

# वीरगंज महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय
## शैक्षिक प्रशासन महाशाखा
## वीरगंज, पर्सा

### सूचना प्रकाशन मिति २०८३/०२/१२

### कक्षा ११/कक्षा ९ मा छात्रवृत्तिमा अध्ययन गर्न चाहने विद्यार्थीका लागि छात्रवृत्ति परीक्षाको अनलाइन आवेदन फाराम भर्ने सम्बन्धी अत्यन्त जरूरी सूचना

वीरगंज महानगरपालिका भित्र संचालित कक्षा ११/कक्षा ९ अध्यापन हुने संस्थागत शिक्षण संस्थामा शैक्षिक सत्र २०८३ र २०८४ को लागि छात्रवृत्तिमा विद्यार्थी छनौट गर्नका लागि २०८२ सालको BEE (कक्षा ८) SEE परीक्षामा सफल भएका विद्यार्थीरूले मिति २०८३ जेठ १३ गते बिहान १०:०० बजेदेखि मिति २०८३ जेठ २७ गते राति ११:५९ बजेसम्म महानगरपालिकाको scholarship.birgunjmun.gov.np मार्फत अनलाइन आवेदन फाराम पेश (Online Application Submission) सूचना गर्न आव्हान गरिएको छ।

**१. छात्रवृत्ति उपलब्ध हुने कार्यक्रमको विवरण :**

| कक्षा | छनौट विधी | परीक्षा मिति र समय | परीक्षा केन्द्र |
|---|---|---|---|
| कक्षा ११ को हकमा | वस्तुगत परीक्षा | २०८३ असार ९ गते मंगलवार दिउँसो २ बजे | परीक्षा केन्द्र सम्बन्धी सूचना पछि प्रकाशन गरिने छ। |
| कक्षा ९ को हकमा | वस्तुगत परीक्षा | | |

**२. अनलाइन आवेदन फाराम पेश गर्ने समय र शुल्क**

फाराम पेश गर्ने अन्तिम मिति : मिति २०८३ जेठ २७ गते राति ११:५९ बजेसम्म।

आवेदन शुल्क : निःशुल्क

नोट : अनलाइन फाराम पेश (Submit) गर्नेअघि सच्याउने (Edit) तथा पुनरावलोकन (Preview) गर्ने प्रावधान राखिएको छ।

फाराम पेश (Submit) गरी Confirmation प्राप्त गरिसकेपछी महानगरपालिकाबाट सच्याउन वा थप गर्न SMS मार्फत अनुरोध गरेमा मात्र फाराम सच्याउन वा विवरण थप गर्न सकिने छ।

३. विभिन्न कार्यक्रममा आवेदन दिन आवश्यक न्यूनतम योग्यता

- क. कक्षा ९ को हकमा - कक्षा ८ मा न्यूनतम 1.6 GPA ल्याइ पुरा गरेको।
- ख. कक्षा ११ को हकमा - SEE मा न्यूनतम 1.6 GPA ल्याइ पुरा गरेको।
- ग. कक्षा ९ को हकमा - सामुदायिक विद्यालयबाट कक्षा ८ उत्तीर्ण गरेको हकमा सामुदायिक विद्यालय खुल्ने अनुसूची १ बमोजिमको सिफारिस पत्र।
- घ. कक्षा ११ को हकमा - सामुदायिक विद्यालयबाट SEE उत्तीर्ण गरेको हकमा सामुदायिक विद्यालय खुल्ने अनुसूची १ बमोजिमको सिफारिस पत्र।
- ङ. वीरगंज महानगरपालिकाकाको स्थायी बासिन्दाको हकमा जन्मदर्ता वा नागरिकता वा बसाइसराइको प्रमाणपत्र।
- च. आरक्षणको हकमा सम्बन्धित वर्ग खुल्ने प्रमाणपत्र (विपन्नताको लागि जिल्ला प्रशासन कार्यालय वा वडा कार्यालयबाट विपन्नताको सिफारिस, जनजाती वा दलितको हकमा जिल्ला प्रशासन कार्यालय वा सम्बन्धित निकायको प्रमाण खुल्ने कागजात, अपाङ्गताको हकमा अपाङ्गता परिचयपत्र, जनआन्दोलनका घाइते, शहीद

परिवारका सन्तति, बेपता परिवारका सन्तति तथा मधेश आन्दोलनका घाइतेका सन्ततिको हकमा गृह मन्त्रालय, मुख्यमन्त्री कार्यालय वा जिल्ला प्रशासन कार्यालयबाट प्रमाणित कागजात)।

४. छनौट सम्बन्धी व्यवस्था

- (१) छनौटको प्रकिया वस्तुगत प्रश्नपत्रमा आधारित लिखित परीक्षा हुनेछ। (कक्षा ९ र कक्षा ११) दुवैको हकमा गणित, विज्ञान, अंग्रेजी र नेपालीको २५/२५ को अंकभार हुनेछ।
- (२) कक्षा ९ को हकमा - लिखित परीक्षा कक्षा ८ को पाठ्यक्रममा आधारित हुनेछ।
- (३) कक्षा ११ को हकमा - लिखित परीक्षा कक्ष १० को पाठ्यक्रममा आधारित हुनेछ।
- (४) छात्रवृत्ति परीक्षा उत्तीर्ण हुने न्यूनतम ४० प्रतिशत अंक प्राप्त गरेको हुनु पर्नेछ।

५. अनलाइन आवेदन फाराम पेश गर्ने विधी तथा निर्देशनहरू

- क. अनलाइन फाराम यस महानगरको scholarship.birgunjmun.gov.np मा उपलब्ध हुनेछ । सो आवेदन फाराम तोकिएको समयविधिभित्र अनलाइन माध्यमबाट मात्र पेश गर्न सकिने छ।
- ख. अनलाइन फाराम भर्दाका बखत नै आफुले अध्ययन गर्न चाहेका विद्यालय निर्धारण गर्नुपर्नेछ।
- ग. अनलाइन फाराम भर्ने चाहिने आवश्यक कागजातहरू।
    - पासपोर्ट साइजको फोटो।
    - नागरिकताको प्रमाणपत्र वा जन्मदर्ताको प्रमाणपत्र।
    - चारित्रिक प्रमाणपत्र वा ट्रान्सफर प्रमाणपत्र वा विद्यालयको सिफारिस पत्र।
    - वीरगंज महानगरपालिकाको स्थायी बासिन्दाको हकमा जन्मदर्ता वा नागरिकता वा बसाइसराइको प्रमाणपत्र।
    - तोकिएको आरक्षित समूहमा फाराम भर्नेको हकमा उल्लेख भए बमोजिमका प्रमाणपत्र
    - कक्षा ९ को हकमा- कक्षा ८ को ग्रेड सिट
    - कक्षा ९ को हकमा- सामुदायिक विद्यालयबाट कक्षा ८ को उत्तीर्ण गरेको हकमा सामुदायिक विद्यालय खुल्ने अनुसूच १ बमोजिमको सिफारिस पत्र।
    - कक्षा ११ को हकमा- सामुदायिक विद्यालयबाट SEE उत्तीर्ण गरेको हकमा सामुदायिक विद्यालय खुल्ने अनुसूच १ बमोजिमको सिफारिस पत्र।
- घ. पेश गरेको विवरणहरू झुठो ठहरेमा त्यस्ता उम्मेदवारहरूको आवेदन फाराम रद्द गरिनेको साथै भर्ना भइसकेको भए पनि भर्ना समेत रद्द गरिनेछ।
- ङ. कक्षा ९ को हकमा- अनलाइन फाराम भर्नाको लागि कक्षा ८ परीक्षाको विवरण भर्नु पर्नेछ।
- च. कक्षा ११ को हकमा- अनलाइन फाराम भर्नाको लागि SEE परीक्षाको विवरण भर्नु पर्नेछ र सो विवरण मिलेमा मात्र मुख्य फाराम खुल्ने छ।
- छ. सम्बन्धित विवरण रूजु भए पछी अनलाइन फारामको मुख्य पेज खुल्ने छ। यो पेजमा आफूसंग सम्बन्धती विवरणहरू माग गरिए अनुसार भर्नु पर्नेछ।
- ज. आफ्नो सबै विवरणहरू भरि सकेर पुनरावलोकन (Preview) गरेर पश्चात अर्को पेजमा आफूले भरेको एकमुष्ठ विवरण देखिन्छ। पुनः माथिबाट सम्पूर्ण विवरण सही भए/नभएको जाँच गरी सही नभएमा संशोधन बटन (Edit Button) मा क्लिक (Click) गरी सच्याउने सकिनेछ। अफूले भरेको विवरण ठिक भएमा पेश गर्ने बटन (Submit Button) मा क्लिक (Click) गर्ने। सो Button क्लिक गरे पश्चात सुनिश्चित गर्ने बक्स (Confirmation Box) आउँछ र फाराम अनलाइन पेश (Form Submit) भए पश्चात कुनै पनि विवरण सच्याउन सिकने छैन।
- झ. फोटो तथा अन्य आवश्यक डकुमेन्ट मोबाइलले फोटो खिचेरसमेत अपलोड गर्न सकिनेछ। विद्यार्थीले फोटो अपलोड गर्दा दुवै कान देखिने गरी स्पष्ट हुनुपर्ने छ।

- ञ. आवेदन फाराम अनलाइन पेश (Form Submit) भए पश्चात सुनिश्चित गर्ने पृष्ठ (Confirmation Page) देखिन्छ । जसलाई प्रिन्ट तथा डाउनलोड गर्न सकिनेछ । (Note : Confirmation Page भनेको Admit Card नभइ Online Form भरेको प्रमाणपत्र हो यसका आधारमा मात्र छात्रवृत्ति परीक्षामा सहभागी हुन पाइने छैन । परीक्षामा सहभागी हुनको लागि प्रवेश पत्र अनिवार्य हुनेछ )
- ट. महाशाखाबाट फाराम रूजु यकिन भए पश्चात विवरण मिलेमा मात्र Final Confirmation SMS मार्फत पठाइनेछ ।

६. आरक्षण सम्वन्धी व्यवस्था - वीरगंज महानगरपालिकाको संस्थागत विद्यालय छात्रवृत्ति वितरण कार्यविधि २०७५ बमोजिम हुनेछ ।

७. अन्य कुराहरूको हकमा संस्थागत विद्यालय छात्रवृत्ति वितरण कार्यविधि, २०७५ र संस्थागत विद्यालय छात्रवृत्ति वितरण समितिको निर्णयानुसार हुनेछ ।

८. छात्रवृत्ति छनौट सम्वन्धि सिट वितरण, आवेदन साथ पेश गर्नुपर्ने कागजात, प्रवेशपत्र सम्वन्धि व्यवस्था, नतिजा प्रकाशन तथा भर्ना सम्वन्धि व्यवस्था वीरगंज महानगरपालिकाको सूचना बमोजिम हुनेछ । विस्तृत सूचनाका लागि यहाँ Click गर्नुहोस् ।

थप आवश्यक जानकारीको लागि :

सम्पर्क व्यक्तिहरू

सुरेन्द्र ठाकुर - ९८१९२२२४८८    सृजना बुढाथोकी - ९८४५७८८९९१

दफा ३ को उपदफा (घ) सँग सम्बन्धीत
अनुसूची-१

**जो जस सँग सम्बन्धित छ**

.................................. ......................... ................................जिल्ला ............................ गापा/ नपा./उ.म.न.पा./म.न.पा स्थायी ठेगाना भएका श्री ................................................ का छोरा/छोरी .............................. ले ........................................................... सामुदायिक विद्यालय (IEMIS Code No .........................................) मा कक्षा १० मा अध्ययन गरी एस.ई.ई. पुरा गरेको व्यहोरा प्रमाणित गर्दछु ।

माथि लेखिएको व्यहोरा ठीक साँचो हो, झुटो ठहरे कानून बमोजिम सहुला बुझौला ।

दस्तखतः
विद्यार्थीको नाम, थरः
मितिः
सम्पर्क नं
स्थायी ठेगाना

दस्तखतः
प्रधानाध्यापकको नाम, थर
मितिः
सम्पर्क नं
विद्यालयको नाम
विद्यालयको छाप

माथी उल्लेखित विद्यालय सामुदायिक विद्यालय भएको व्यहोरा प्रमाणित गर्दछु ।

प्रमाणित गर्ने सम्वन्धित शिक्षा विकास तथा समन्वय इकाइ प्रमुख वा सम्वन्धित स्थानीय तहको शिक्षा प्रमुख

दस्तखत
प्रमाणित गर्नेको नाम, थर
पद
स्थानीय तहको नाम
मिति:
सम्पर्क नं
कार्यालयको छाप

दफा ३ को उपदफा (ग) सँग सम्बन्धीत

<u>अनुसूची -१</u>

**जो जस सँग सम्बन्धित छ**

................................ ...................... ...............................जिल्ला ........................... गापा/ नपा./उ.म.न.पा./म.न.पा स्थायी ठेगाना भएका श्री ............................................. का छोरा/छोरी ............................ ले ....................................................... सामुदायिक विद्यालय (IEMIS Code No .......................................) मा कक्षा ८ मा अध्ययन गरी कक्षा ८ पुरा गरेको व्यहोरा प्रमाणित गर्दछु ।

माथि लेखिएको व्यहोरा ठीक साँचो हो, झुटो ठहरे कानून बमोजिम सहुला बुझौला ।

| | |
|---|---|
| **दस्तखतः** | **दस्तखतः** |
| विद्यार्थीको नाम, थरः | प्रधानाध्यापकको नाम, थर |
| मितिः | मितिः |
| सम्पर्क नं | सम्पर्क नं |
| स्थायी ठेगाना | विद्यालयको नाम |
| | विद्यालयको छाप |

माथी उल्लेखित विद्यालय सामुदायिक विद्यालय भएको व्यहोरा प्रमाणित गर्दछु ।

प्रमाणित गर्ने सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइ प्रमुख वा सम्बन्धित स्थानीय तहको शिक्षा प्रमुख

दस्तखत

प्रमाणित गर्नेको नाम, थर

पद

स्थानीय तहको नाम

मिति:

सम्पर्क नं

कार्यालयको छाप